**पञ्चदेवल विनायक नगरपालिकाको**

# नीति तथा कार्यक्रम

**नगरसभाबाट पारित मितिः२०७८/०३/१०**

**पञ्चदेवल विनायक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विनायक, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आर्थिक वर्ष २०७८/७९

**पञ्चदेवल विनायक नगरपालिकाको नगरसभामा नगर उपप्रमुख श्री अम्बिका चलाउनेज्यूद्वारा प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम**

**नगरसभाबाट पारित मितिः२०७७/०३/१०**

**यस गरिमामय नगरसभाका अध्यक्षज्यू तथा उपस्थित सदस्यज्यूहरु,**

१. विश्व नै कोभिड-१९ को दोस्रो लहरको चपेटामा परिरहेको यस चुनौतिपूर्ण र अत्यन्तै असहज परिस्थितिमा आज म यस नगरसभामा आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. सर्वप्रथम नेपालको सार्वभौमसत्ता, राष्ट्रिय हित, भौगोलिक अखण्डता, लोकतन्त्र र जनजिविकाका लागि भएका विभिन्न ऐतिहासिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै ती ऐतिहासिक आन्दोलनहरुको नेतृत्व गर्ने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । यसै सन्दर्भमा मिति २०७६ साल माघ २० गते राति रहस्यमय ढंगबाट हत्या गरिएका वडा नं. २ बाट निर्वाचित स्व. वडाध्यक्ष श्री पदम बहादुर धामीज्यूलाई स्मरण गर्दै उहाँप्रति पनि हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

३. कोभिड-१९ को विश्वव्यापी महामारीका कारण सिङ्गो मानवजाति माथि नै सबैभन्दा ठुलो संकट उत्पन्न भएको छ । यस महामारीबाट विश्वका लाखौंलाख मानिसहरुको ज्यान गइसकेको छ । हाम्रो देशमा पनि हजारौं मानिसहरुले ज्यान गुमाइसकेका छन भने लाखौं व्यक्तिहरु संक्रमित भएका छन् । यस महामारीबाट संक्रमित भई स्वदेश तथा विदेसमा ज्यान गुमाउनु हुने सम्पूर्ण नेपाली नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनहरुमा गहिरो समवेदना व्यक्त गर्दछु । त्यसैगरी, कोरोनाबाट संक्रमित भई घरमै एकान्तबास र अस्पतालहरुमा समेत उपचाररत नगरवासी लगायत सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

४. विश्व नै कोरोना महामारीसँग अदृश्य युद्ध लडिरहेको छ । मानवजातीले जित्नैपर्ने यो युद्धका कारण आम मानिसहरुमा भय, चिन्ता र अन्यौल व्याप्त छ । यतिबेला सम्पूर्ण नगरवासीहरुको सहकार्य, आत्मविश्वास र ऐक्यवद्धताको ठूलो खाँचो छ । यो महामारीबाट बच्न र बचाउन सम्पूर्ण नगरवासी आमाबुबा, दिदिबहिनी तथा दाजुभाईहरु निकै सचेत हुनु जरुरी छ।

५. कोभिड-१९ को जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा खटिएर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालक, स्वयंसेवक, शिक्षक, राजनैतिक दल, महिला स्वास्थ्य स्वयं-सेविका, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवकहरुको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यवसायीहरु, महामारीको रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारलाई सहयोग गर्नुहुने सम्पूर्ण गैरसरकारी संघसंस्था र अन्य दाजुभाइ तथा दिदीबहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

**सभाध्यक्षज्यू,**

६. कोभिड-१९ को प्रारम्भदेखि नै यस नगरपालिकाले नगरवासीलाई कोभिड-१९ को संक्रमणबाट बचाउन थुप्रै कार्यहरुको सुरुवात गर्यो । चालु आ.व. २०७७/७८ मा कोभिडको दोस्रो लहरले हाम्रो नगरपालिका समेत प्रभावित भएपछि PCR र Antigen परीक्षणलाई फराकिलो बनाउँदै नगरवासीलाई विभिन्न

माध्यमबाट सचेतना जगाउने र कोभिडको संक्रमण रोकथाम गर्ने अभियानमा हामी निरन्तर खटिरहेका छौं । यसै क्रममा चालु आ.व.मा मात्रै हालसम्म ६३० जनाको PCR र २८३ जनाको Antigen परीक्षण गरिएकोमा ३१४ जनामा संक्रमण पुष्टि भयो भने एकजाना नागरिकको दुःखद निधन भयो र अहिले संक्रमित ३१४ जनाले नै कोरोना जितेर स्वस्थ भई सक्नुभएको छ ।

७. कोभिड-१९ का कारण देशको अर्थव्यवस्था निकै धरासायी अवस्थामा छ । उद्यम, व्यापार, व्यवसाय सबै बन्द प्राय छन् । जसका कारण लाखौं नेपालीको रोजगार गुमेको छ भने हाम्रो नगरपालिकाबाट वैदेशिक रोजगारीमा रहनुभएका हजारौं नागरिकहरुको पनि रोजगार गुमेको छ । कोभिडकै कारण हाम्रो नगरपालिकाका सम्पूर्ण योजना कार्यान्वयनमा र दीगो विकासको लक्ष्य हासिल गर्न व्यवधान खडा भएको छ । समग्र नगरपालिकाको आर्थिक विकासमा समेत समस्या उत्पन्न भएको छ ।

८. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई संघीयता कार्यान्वयनमा अगाडी बढिरहेको र हाम्रो नेतृत्वको पहिलो स्थानीय सरकारको कार्यकालको अन्तिम वर्षमा हामी काम गरिरहेका छौं । नेपालको संविधानले स्थानीय तहको लागि एकल अधिकारहरु र पन्ध्र प्रकारका साझा अधिकारका सूची निर्धारण गरेको व्यहोरा यहाँहरु सबैलाई अवगतै छ । निर्धारित सूचीको अधिनमा रही स्थानीय तहले आवश्यक कानुनहरुको निर्माण गरी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन बमोजिम विद्यमान समस्या र चुनौतीहरुलाई पार लगाउँदै स्थानीयस्तरमा विकास र समृद्धिको जग बसाउने र आगामी नेतृत्वलाई सोही मार्गमा अघी बढ्न सहज बनाउने महत्त्वपूर्ण कार्यमा हाम्रो कार्यकाल सफलताका साथ सम्पन्न हुन लागेको छ ।

**सभाध्यक्षज्यू,**

**अब म हाम्रो नेतृत्वको पहिलो स्थानीय सरकारका हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरु र आर्थिक वर्ष २०७७/७८ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु:-**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपश्चात २०७४ साल असार १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भयो । एकात्मक राज्य प्रणाली भएको हाम्रो देशमा धेरै कानुनी अन्यौलताका बिचमा संघात्मक अभ्यासको सुरुवात भयो । नेपालको संविधानको अनुसूची-८ का एकल अधिकार र अनुसूची-९ का साझा अधिकारको प्रयोग र कार्यान्वयन गर्न स्थानीय सरकारहरु अग्रसर रहेको व्यहोरा अवगत छ । सोही अनुसार पञ्चदेवल विनायक नगरपालिकामा पनि संघीय संरचना बमोजिम अभ्यास गरिरहँदा पहिलो जनप्रतिनिधि अर्थात स्थानीय सरकारमा प्रतिनिधित्व गरी काम गर्ने सुनौलो अवसर हामीलाई प्राप्त भयो । यो ऐतिहासिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रयत्नमा हामी अहोरात्र कामकाजमा खटिरहेका छौं ।

२. २०७४ असारमा निर्वाचित भएर आउँदा हामीसँग नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ गरी जम्मा २ थान कानुन थियो । धेरै कानुनी जटिलता, संघीयताको पहिलो अभ्यास, प्रथम

जनप्रतिनिधि, अनुभवविहीन कर्मचारी र फितलो व्यवस्थापनका बिचमा हामी थियौं । हाल हामीले हाम्रो अधिकार क्षेत्रभित्र रहेर जम्मा २७ वटा कानुन र कार्यविधिहरुको निर्माण गरी लागु गरेका छौं ।

३. नेपालको संविधानले तीन तहको सरकार र तिन तहको सरकारको बिचमा सहकारिता, समन्वय र सह–अस्तित्वमा चल्ने परिकल्पना मात्र गरेन, तत्अनुरुपको व्यवहार र आचरणका लागि विभिन्न अन्य कानुन र आयोगहरु समेत निर्माण भए तर संविधानको यो व्यवस्था अनुरुप संघ र प्रदेश सरकारको सहयोग र व्यवहार हामीले प्राप्त गर्न सकेनौं । नयाँ व्यवस्था, नयाँ जनप्रतिनिधि र अनुभव नभएका नयाँ कर्मचारीसँग काम गर्न त चुनौती नै थियो, तथापी, हामी काममा लागिरहँदा पहिलो वर्षमै नगरपालिकाको समग्र विकासलाई द्रुत गतिमा अघि बढायौं । नगरपालिकामा भएका ज्वलन्त समस्याहरुलाई समाधान गर्ने प्रयत्न गर्यौं ।

**<u>आर्थिक विकासतर्फः</u>**

४. कृषि र पशुपालन मार्फत नगरलाई आत्मनिर्भर बनाउन विभिन्न आयमुलक कार्यहरु सञ्चालन गरिए । व्यवसायिक कृषकहरुलाई व्यवसायिक तालिम, निर्माण सामाग्री र बिउबिजनहरु समेत वितरण गरियो । कृषि पकेटक्षेत्र र बाख्रा पकेटक्षेत्र निर्धारण गरिएका किसानहरुलाई आवश्यक सामाग्री र तालिम समेत सञ्चालन भए । "**एक घर, एक करेसाबारी**", निर्माणका लागि आवश्यक कार्यहरु सञ्चालन भए । व्यवसायिक युवाहरुलाई कृषि र पशुपालन क्षेत्रमा प्रोत्साहन गर्न केही अनुदानको पनि व्यवस्था गर्ने काम भयो । कृषक समूहलाई राँगो र उन्नत जातका बोकाहरु सबै वडाहरुमा वितरण गर्ने काम सम्पन्न भयो । खोर व्यवस्थापन अनुदान र स्वस्थ मासु पसलहरु समेत छनौट गरी अनुदानको व्यवस्था गरियो । सबै वडाहरुमा पशु स्वास्थ्य शिविरहरु सञ्चालन गरियो र कृषिको सम्भाव्यता अध्ययनका लागि माटो परीक्षण शिविर समेत गरि तरकारी, अन्य बाली र फलफूलका बिरुवाहरु र बिउबिजन कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने काम सम्पन्न भए ।

५. नगरपालिकाका सबै वडाहरुमा विपन्न र व्यवसायिक महिलाहरुका लागि लघुउद्यम संचालन गर्न विभिन्न सीपमूलक व्यावसायिक तालिमहरु (अल्लो प्रशोधन, सिलाइ कटाइ, बेसार प्रशोधन, अगरबत्ती, मैनबत्ती, सालको पातको टप्परी बनाउने, अचार बनाउने, स्यानिटरी प्याड बनाउने, बाँसको मुढा बनाउने, युवाहरुलाई कम्प्युटर तालिम आदि) सञ्चालन गरिए ।

६. रोजगार सेवा केन्द्रमार्फत आ.व. २०७५/०७६ मा २१६ जनालाई औषत ३० दिनको रोजगारी, आ.व. २०७६/०७७ मा २२३ जनालाई औषत ३० दिनको रोजगारी र आ.व. २०७७/०७८ मा ४१८ जनालाई १०० दिनको गरी ८५७ जनालाई रोजगारी प्रदान गरिएको छ ।

७. नगरपालिकाका सबै व्यवसायहरुलाई नगरपालिकामा आबद्धता गराउन विभिन्न अभियानहरु सञ्चालन गरी करको दायरामा ल्याउन र व्यवसाय प्रवर्द्धनमा टेवा पुर्याउने विभिन्न कामहरु गरिए ।

८. नगरपालिकाका पर्यटन विकासको सम्भावना रहेका विविध ठाउँहरु(पञ्चदेवल, कनिकेदेवल, विहार, साँचुल्ला, मष्टामाडौं, बाल्लेमाडुं, कुइकेल्लेमाई, लेष्टेकोट, देलिकाँडा, बेलखेत पुल आदि) को पहिचान गरी र कतिपयको डि.पि.आर. समेत गरेर संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यहरु सञ्चालन गरिए ।

**<u>सामाजिक विकासतर्फः</u>**

९. नगरपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न विभिन्न नीतिगत सुधारसँगै २६ वटा विद्यालयहरुमा विद्यालय भवनहरु निर्माण भएका छन् भने थुप्रै विद्यालयहरुमा शौचालय, खानेपानी र घेराबार निर्माणका कामहरु सम्पन्न भएका छन् । निजिस्रोत शिक्षकको समस्या समाधान गर्न नगर शिक्षकको व्यवस्था गरी समस्या हल गरिएको छ । साथै माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन र कम्प्युटर कक्षा सञ्चालन गर्न कम्प्युटर शिक्षकको व्यवस्था गरिएको छ ।  बालविकास सहजकर्ता, कर्मचारी र कार्यालय सहयोगीहरुको कार्यभारलाई ध्यानमा राखी थप प्रोत्साहन रकम प्रदान गरी तलव वृद्धि गरिएको छ । नगरका माध्यमिक विद्यालयहरुमा पुस्तकालय, आई.सि.टी. प्रयोगशाला र विज्ञान प्रयोगशालाहरु स्थापना भएका छन् । विद्यामन्दिर नमुना मा.वि.का प्राविधिक र साधारण भवनहरुमध्ये केही भवनको काम सम्पन्न र केहीको द्रुत गतिमा निर्माण कार्य भइरहेको छ । पञ्चदेवल क्याम्पसको दुई वटा भवनको निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ । त्यसैगरी, नगरपालिकाका सबै विद्यालयहरुमा ढिलो हुने गरी गरिने लेखा परीक्षणका कामलाई नियमित गरी आ.व. सकिएको ३ महिनाभित्र विद्यालयको लेखापरीक्षण गरीसक्नुपर्ने कार्यको थालनी गरेका छौं । सबै आधारभुत विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडानका लागि नेपाल दुर सञ्चार प्राधिकरणसँग सम्झौता गरी काम अगाडी बढाइएको छ ।

१०. नगरभरिका युवाहरुलाई दुर्व्यसनी र गलत क्रियाकलापहरुबाट टाढा राख्न र सामाजिक रुपान्तरणका अभियानहरुमा सामेल गर्न विभिन्न सचेतना गोष्ठीहरु सञ्चालन गर्नुका साथै प्रथम मेयर कप खेलकूद प्रतियोगितामार्फत २०७४/७५ र २०७५/७६ मा पहाडी भेगमा खेलिने लोकप्रिय खेल भलिबल प्रतियोगिता सञ्चालन गरियो ।

**सभाध्यक्षज्यू,**

११. स्थानीय सरकार बामे सरिरहेकै बेला विश्वमा आएको कोभिड-१९ को महामारीबाट हामी पनि अछुतो रहेनौं । आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ हाम्रा लागि सुखद रहेन । कोरोना कहरको महामारीबाट हामी अत्यन्तै प्रभावित भयौं । स्वदेश र विदेशबाट नगरमा आउनुभएका नागरिकको स्वास्थ्य सुरक्षाको लागि क्वारेन्टिनको व्यवस्था, चेकजाँच, स्वास्थ्य सुरक्षाका लागि आवश्यक सामग्री, औषधी आदिको सक्दो व्यवस्था गर्यौं । केही कमिकमजोरीका बाबजुद कुशल व्यवस्थापन गरी महामारी फैलन नदिन हामी सफल भयौं । कोभिडको कारण समस्यामा परेका नागरिकलाई आवश्यक राहत, खाद्यान्न, स्वास्थ्य उपचार र गर्भवती महिलाको लागि निःशुल्क गाडीको सुविधा समेत उपलब्ध गराई स्वास्थ्य समस्या आउँदा आवत-जावतमा सहज गर्ने कार्य भयो ।

१२. नगरवासीको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी नगरपालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय कामहरु गरिएका छन् । सबै स्वास्थ्य संस्थामा पूर्वाधार निर्माण देखि प्रभावकारी सेवाका लागि पर्याप्त जनशक्तिको व्यवस्था गरिएको छ । बर्थिङ्ग सेन्टरहरु थप गरी स्वास्थ्यकर्मीलाई आवश्यक तालिमको व्यवस्था समेत गरी दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ । नगरका दूर्गम ठाउँहरु वडा नं. ८ को बोहरागाउँ र वडा नं. ९ को भाटगाउँमा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याएका छौं । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था सहित आवश्यक तालिमको व्यवस्था गरिएको छ । नगरवासीको स्वास्थ्य सम्वेदनशीलतालाई ध्यानमा राखी बेला-बेला विशेषज्ञ सेवासहितको मुटु, आँखा, दाँत सम्बन्धी स्वास्थ्य शिविरहरु सञ्चालन गरी नगरवासीलाई स्वास्थ्य सेवा प्रदान गर्ने काम भएका छन्

। ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई प्रभावकारी बनाउन सबै वडाका स्वास्थ्य संस्थाहरुमा नै गर्भजाँच गर्ने व्यवस्था गरि सेवा प्रदान गरिएको छ । प्रसुती समस्या भएर रिफर गर्नुपर्ने गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवा समेत प्रदान गरिएको छ ।

१३. नगरपालिकाका विपन्न, दीर्घरोगी र विभिन्न दुर्घटनामा परेका नगरवासीहरुको स्वास्थ्य उपचारका लागि कार्यविधि बनाई आर्थिक सहायता उपलब्ध गराइएको छ ।

१४. संघीय सरकारको सहयोगमा नगरपालिकाको विनायक स्वास्थ्य चौकीलाई १० शैयाको अस्पतालमा विकसित गरी भवन निर्माण कार्य सञ्चालन भएको छ ।

१५. वडा नं. २, ४, ५ र ८ मा ल्याबको स्थापना र वडा नं. ३ मा आधारभुत स्वास्थ्य इकाईको स्थापना गरी स्वास्थ्य सेवा सञ्चालनमा आएको छ ।

१६. नगरपालिकामा धार्मिक, पुरातात्विक, सांस्कृतिक र ऐतिहासिक स्थलहरुको पहिचान, संरक्षण र सम्वर्द्धन गर्ने कामहरु भएका छन् । जसअन्तर्गत, ऐतिहासिक साँचुल्ला जाल्पादेवी मन्दिरको डि.पि.आर. गरी निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । मष्टामाडौं मन्दिरको डि.पि.आर. गरी सिढी निर्माण कार्य पनि अन्तिम चरणमा छ । बाल्लेमाडुंको पर्यटकिय सिढी निर्माण कार्य अगाडी बढेको छ । विहार र पञ्चदेवलको संरक्षणमा पनि पुरातत्व विभागसँग समन्वय गरी संरक्षणको काम अगाडि बढाइएको छ । नगरपालिका भरी नगरवासीले आस्था तथा विश्वास गर्ने धेरै मठ-मन्दिरहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

**<u>सामाजिक विकासः लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फः</u>**

१७. नगरपालिकाका महिलाहरुलाई आत्मनिर्भर, व्यवसायिक र हिंसामुक्त बनाउन विभिन्न सचेतनात्मक कार्यक्रमहरु सम्पन्न भए । महिलासँग उपप्रमुख कार्यक्रमअन्तर्गत सुत्केरी आमा र बच्चाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउन सामाग्री वितरणका सँगै सचेतना अभियानहरु सञ्चालन गरियो । कोभिडका बेला आमा र बालबालिकामा परेको पोषणको अभाव, मजदुरी र खाद्य अवस्थालाई ध्यानमा राखी नगरभरि १७०० सुनौला हजार दिनका आमा, अन्य एकल महिला, विपन्न महिला, हिंसापीडित महिला, एच.आई.भी. पोजेटिभ, टुहुरा बालबालिका, ज्येष्ठ र अपाङ्गता भएका नागरिकलाई पोषण सामाग्रीहरु उपलब्ध गराउने कामसहित गर्भवती महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइयो । महिलाहरुलाई थप व्यवसायिक र आत्मनिर्भर बनाउन विभिन्न सिपमूलक तालिमहरु (सिलाइ-कटाइ, मैनबत्ती उत्पादन, स्यानिटरी प्याड निर्माण, व्यवसायिक तरकारी खेती, सालको पातको टपरी बनाउने काम, कम्प्युटर तालिम आदि) सम्पन्न भए । व्यवसायिक महिलाहरुलाई उद्यमशील बनाउन तालिमहरु समेत सञ्चालन गरिए ।

**सभाध्यक्षज्यू,**

१८. छाउपडी प्रथा, बालविवाह, बहुविवाह, घरेलु हिंसा, नगरक्षेत्रमा हुने महिला हिंसाका प्रमुख स्वरुपहरु हुन । छाउपडी कुप्रथाका कारण महिलाको स्वास्थ्य, मानसिक अवस्था र मानवअधिकारको संरक्षणका लागि विभिन्न सचेतनाका कार्यक्रम सञ्चालनसँगै नगरपालिकामा भएका सम्पूर्ण छाउपडी गोठहरु प्रहरीको सहयोगमा भत्काउने काम भयो । बहुविवाह, बालविवाह, घरेलु हिंसा, बलात्कार र यौनजन्य दुर्व्यवहारबाट

हिंसामा परेका महिलाहरुको कानुनी परामर्श, आर्थिक सहायता, व्यवसायिक तालिम र सुरक्षित आवास गृहमा बसाउन सहयोग गर्ने काम भएका छन् । टुहुरा र जोखिममा रहेका बालबालिकाहरुलाई आर्थिक सहयोग, पठनपाठन सामग्री र खाद्यान्न सहयोग गर्ने काम भएको छ भने अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा साथै अन्य सेवा लिन सहयोग पुर्याउनका लागि पटक-पटक परिचयपत्र वितरण शिविर सञ्चालन गर्ने काम भएको छ ।

१९. जातीय छुवाछुत तथा भेदभाव विरुद्ध सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

२०. नगरपालिकाको विनायकमा ज्येष्ठ नागरिक मिलन केन्द्र भवनको निर्माण कार्य यसै वर्ष सम्पन्न हुने अवस्थामा छ ।

२१. जनता आवास कार्यक्रम अन्तर्गत खरका छाना भएका १४० विपन्न दलित घर परिवारहरुलाई निःशुल्क जस्ता पाता वितरण गर्ने काम सुरु भएको छ ।

२२. दलित सहकारीहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न दलित सहकारी संस्थाका भवनहरु (दलित सिर्जनशिल र दलित मिलन सहकारीको भवन) निर्माण कार्य सम्पन्न गरिएको छ ।

**पूर्वाधार विकासतर्फः**

२३. विकासको मेरुदण्डको रुपमा रहेको सडक विस्तारमा उल्लेखनीय काम भयो । वडा नं. ४ बाहेक अन्य कुनैपनि वडा कार्यालयबाट नगरपालिका केन्द्र जोड्ने ग्रामीण सडकहरु थिएनन् । पहिलो वर्ष मै सबै वडाहरुमा सडक सञ्जाल जोड्ने काम सम्पन्न भएको छ । त्यसपछि क्रमशः नगरका दुर्गम ठाउँहरुमा सडक सञ्जाल विस्तार गर्दै सम्भवतः यसै वर्ष पुल्लेतोलाको तुरबन र जोगी बर्साले, बारलाको कोसेडी र तोलीको केतुकानामा समेत सडकको पहुँच पुर्याउन संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कामको थालनी गरिनेछ । राँकु-कालेकाँडा-भाटगाउँ-तामकोट सडक निर्माणका लागि बोलपत्र स्वीकृत भइ निर्माण कार्य आरम्भ भइसकेको छ । सबै वडा कार्यालयहरुसम्म निरन्तर सडकहरु सञ्चालनमा आएका छन् । नगरपालिकाको लेकाली भुभागबाट विनायक, तोली, पुल्लेतोला, बारला हुँदै कालेकाँडा जोड्ने र कर्णाली किनारबाट बेलखेत-भानाकोट जोड्ने रिङ्गरोडको काम पनि धेरै अगाडी बढेको छ । विनायक-लयाँटी-कालेकाँडा सडकको डि.पि.आर.को काम समेत सम्पन्न भएको छ ।

२४. यसै वर्ष नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि बोलपत्र स्वीकृत भई कामका लागि सम्झौता भइसकेको छ । नगरपालिकाका वडा नं. ४, ६ र ८ का वडा कार्यालय भवनहरुको काम सम्पन्न भई सञ्चालनमा आइसकेकाका छन् भने २ र ५ नं. वडाका कार्यालय भवनहरु पनि निर्माणाधिन अवस्थामा रहेका छन् र आ.व. २०७८/७९ मा सबै वडा कार्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालन गरिनेछन् ।

२५. वडा नं. ७ को खारेखोला र वडा नं. ५ को बाम्ने सर्पामा निर्माण भइरहेका झोलुङ्गे पुलहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२६. नगरभित्र खानेपानीको अति आवश्यक भएका ठाउँहरु वडा नं. ३, ४, ५ र ८ का खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने काम अन्तिम चरणमा पुगेको छ। यसै वर्ष भित्र यी बृहत खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछन् । सबै वडाहरुमा खानेपानीका साना र ठुला गरी थुप्रै योजनाहरुको निर्माण र मर्मतसम्भार गरी खानेपानीको सुविधा र पहुँचलाई विस्तार गरिएको छ ।

२७. हाम्रो नगरपालिकालाई उज्यालो नगरपालिका बनाउने अभियान अन्तर्गत नगर भित्रका सबै लघुजलविद्युत आयोजनाहरुमा यथेष्ट लगानी गरी मर्मतसम्भार र निर्माण गरी सञ्चालनमा ल्याइएको छ भने नगरपालिकाको केन्द्रमा विद्युतको केन्द्रीय प्रशारणलाई विस्तार गरी सञ्चालनमा ल्याइएको छ ।

२८. नगरपालिकाका मुख्य-मुख्य कृषि उत्पादन हुने क्षेत्रहरु (बेलखेत, हल्लुखोला, चिल्ताडा, कुईकेखोला, कुढ्मम, बाघधारा, पाँचेरवा, नवासेरा, भानाकोट खोला, घट्टेखोला, राँकु, चहल आदि)मा साना-ठूला गरी थुप्रै सिँचाई आयोजनाहरु सम्पन्न भएका छन् ।

२९. नगरपालिकाको देलिकाँडा र बारलाको लेकमा स्थापित नेपाल टेलिकमको टावरमार्फत सञ्चार सेवा सुचारु गरिएको छ र कालेकाँडाको भाटगाउँमा नयाँ जि.एस.एम. टेलिकम टावर स्थापनाको लागि सर्भे कार्य पनि सम्पन्न भइ काम अगाडि बढेको छ ।

**<u>संस्थागत विकास तथा सेवा प्रवाहतर्फः</u>**

३०. न्यायिक समितिका पदाधिकारीहरु र कर्मचारीहरुको क्षमता विकासका तालिमहरु सञ्चालनका साथै न्यायिक समितिमा दर्ता भएका उजुरीहरुको सहजीकरण र निरुपणका लागि प्रत्येक वडामा एक मेलमिलाप केन्द्र स्थापना हुने गरी ३२ जनालाई ४८ घण्टे मेलमिलाप कर्ता तालिम सम्पन्न गरियो र न्यायिक समितिमा दर्ता भएका सबै उजुरीहरु मेलमिलापकै माध्यमबाट टुङ्ग्याउने काम भएको छ ।

३१. नगरपालिका कार्यालयदेखि वडा कार्यालयसम्म इन्टरनेट सञ्जालको विस्तार, आई.सि.टी. सामाग्रीको वितरण र विद्युतीय प्रणालीहरुको स्थापना गरी कार्यसम्पादन र सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने काम गरिएको छ ।

३२. चालु आ.व. २०७७/७८ देखि वडा नं. १ को सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट वितरण गर्न सुरु गरिएको छ ।

३३. इन्टरनेटको पहुँच पुगेका सबै वडाहरुमा अनलाइन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ताको काम गर्न सुरु गरिएको छ ।

३४. सर्वसाधारणको सुविधाका लागि नगरपालिका कार्यालयमा फोन गर्दा पैसा नलाग्ने टोल फ्रि सेवा (टोल फ्रि नं. १६६० ०१ ३०००३) र अडियो नोटिस बोर्ड सेवा (१६१८०९७५०००३) को सञ्चालन गरिएको छ ।

३५. बजार अनुगमनलाई तिव्रता दिइ उपभोक्ता हितमा महत्त्वपूर्ण कामहरु गरिएका छन् ।

**<u>अन्य कार्यहरुः</u>**

३६. आ.व. २०७६/०७७ हाम्रा लागि सुखद रहेन । वडा नं. २ बाट निर्वाचित वडाध्यक्ष स्व. पदम बहादुर धामीको रहस्यमय ढंगले हत्या भयो र हामीले एक असल राजनीतिज्ञ र कुसल समाजसेवी गुमाउनु पर्यो । स्व. वडाध्यक्षको स्मृतिमा विनायक बजारको पञ्चदेवलमा निर्माणाधिन अर्धकदको शालिक निर्माण कार्य सुरु भएको छ र आ.व. २०७८/७९ मा शालिक निर्माणको सम्पूर्ण काम पुरा गरिनेछ ।

३७. नगरभित्र बाढी, पहिरो र नदी कटानका कारण जोखिममा रहेका थुप्रै बस्ती र खेतीयोग्य जमिनको संरक्षणका लागि तटबन्धनहरु निर्माण गरिएका छन् ।

३८. बाढी, पहिरो, वर्षा र चट्याङ्गका कारण मानवीय, पशुधन र भौतिक क्षति भएका नागरिकहरुको अवस्था विश्लेषण गरी आर्थिक सहायता समेत उपलब्ध गराइएको छ ।

**आदरणिय सभाध्यक्ष ज्यू ,**

**अब म स्थानीय सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छुः-**

**<u>आर्थिक विकासतर्फः</u>**

१. व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई अनुदान दिने कार्यक्रमको कार्यविधि निर्माण गरी थप व्यवस्थित गरेर निरन्तरता दिइनेछ ।

२. सबै वडाहरुमा सम्भाव्यता अध्ययन गरी आँप, कागती, अनार, ओखर, टिमुर लगायतका फलफुलका बिरुवाहरु मागका आधारमा व्यवसायिक खेती गर्ने किसानहरुलाई ७०% अनुदानमा उपलब्ध गराइनेछ ।

३. नगरका विपन्न र बेरोजगार युवाहरुलाई विभिन्न निकायको साझेदारीमा सञ्चालन गरिने व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइने साथै तालिम प्राप्त युवा र महिलाहरुको लागि थप स्तरोन्नतिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

४. पशु र कृषि कार्यक्रमअन्तर्गत अनुदान दिने गरेका सम्पूर्ण कार्यक्रमहरुको निरन्तरता दिंदै थप व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि बनाएर अगाडि बढाइनेछ ।

५. सुत्केरीसँग उपप्रमुख कार्यक्रमअन्तर्गत सबै सुत्केरी आमाहरुको अनिवार्य करेसाबारी बनाउने नीति अन्तर्गत सबै आमाहरुलाई तरकारीको बिउ निःशुल्क वितरण गरिनेछ ।

६. कृषिलाई व्यवसायिक बनाउन विगतमा नगरपालिकामा माटो परीक्षण शिविर गरिएकोमा यो वर्ष सबै वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

७. **"कृषिमा उद्यमशीलता, आजको आवश्यकता",** भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

८. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उन्नत कृषि बाली सम्बन्धी जानकारी, नयाँ प्रविधि प्रयोग, कृषक अध्ययन तथा अनुभव भ्रमण जस्ता सिर्जनात्मक कामहरु सञ्चालन गरिनेछन् ।

९. तरकारी र फलफुलको थोकबजार सञ्चालन गर्न "**एक वडा, एक संकलन केन्द्र**" सञ्चालन गरिनेछ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई प्रभावकारी बनाई रोजगारी प्रवर्द्धन तथा सामुदायिक निर्माणका कार्य गर्न स्थानीय तहबाट लागत साझेदारी गरिनेछ ।

११. युवाहरुलाई स्वरोजगारमा संलग्न गराउन मागमा आधारित व्यवसायिक तथा सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । यसप्रकारका तालिमको सञ्चालनमा संघ तथा प्रदेश सरकारसँग साझेदारी समेत गरिनेछ ।

१२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१३. वैदेशिक रोजगारीबाट फर्किएका र रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न बिउ पूँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

**सभाध्यक्षज्यू,**

१४. नगरपालिकामा सहकारी व्यवस्थापन सूचना प्रणाली (COPO-MIS) लागु गरी सहकारी क्षेत्रका तथ्याङ्क तथा सूचनाहरुको व्यवस्था गरिनेछ । विधिपूर्वक सञ्चालनमा नरहेका तथा सहकारी मूल्य मान्यता अनुसार सञ्चालन हुन नसकेका सहकारी संस्थाको निरन्तर सञ्चालन वा खारेजीको प्रक्रिया अवलम्बन गरिनेछ ।

१५. सहकारी संस्थाहरुको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनलाई मध्यनजर गरी आवश्यकताको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थालाई एकीकृत कार्यविधि बनाई लागु गरिनेछ ।

१६. नगरपालिकामा लघुउद्यम विकास तालिम लिइसकेका लघुउद्यमीहरुलाई स्तरोन्नति तालीम र थप महिलाहरुलाई नयाँ उद्यमी सिर्जना गर्न आवश्यक व्यवसायिक तालिम प्रदान गरिनेछ ।

**<u>सामाजिक विकास</u>**

**<u>शिक्षातर्फः</u>**

१७. विद्यालय शिक्षक अनुदान वृद्धि गरिनेछ ।

१८. सबै आधारभुत विद्यालयहरु (१-८) र माध्यमिक विद्यालयहरुमा खेलकूद र शैक्षिक सामग्रीहरु वितरण गरिनेछन् ।

१९. विद्यालयहरुमा विषयगत शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिमहरु सञ्चालन गरिनेछन् ।

२०. सबै माध्यमिक विद्यालयहरुमा शुद्ध खानेपानीका लागि ठूलो साइजका फिल्टरहरु वितरण र जडान गरिनेछन् ।

२१. सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा जडान गरिनेछ र कम्प्युटर कक्षा सञ्चालनमा ल्याइनेछ । यसका लागि प्रत्येक मा.वि.मा एक कम्प्युटर शिक्षकको व्यवस्था गरिनेछ ।

२२. नगरभरीका सबै आधारभूत विद्यालयहरुमा नेपाल दुर सञ्चार प्राधिकरणसँगको सम्झौता अनुसार आ.व. २०७८/७९ भित्रै निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरी सञ्चालनमा ल्याइनेछ ।

२३. माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र गुणस्तरीय सर्वसुलभ शिक्षा गराइनेछ । १० र १२ कक्षाको अन्तिम परीक्षामा उत्तिर्ण विद्यार्थीहरुलाई नगरपालिकामा कम्तिमा दुई वर्ष इन्टर्नसिप गर्ने गरी एच.ए., स्टाफ नर्स, सब-ईन्जिनियर, बि.एस्सी.एजी., भेटेरनरी गरि जम्मा ८ जनालाई नगरपालिकामा प्रतिस्पर्धा गराई निःशुल्क अध्ययनका लागि व्यवस्था गरिनेछ ।

२४. सबै वडाहरुमा युवाहरुलाई सामाजिक रुपान्तरण अभियानमा लगाइने, सबै वडाहरुमा खेलमैदान निर्माण कार्यको थालनी गरी युवाहरुलाई खेलकुदमा सहभागी गराइनेछ ।

२५. राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमलाई थप व्यवस्थित र परिष्कृत गरिनेछ ।

२६. कोभिड महामारीका कारण सञ्चालन हुन नसकेको प्रथम मेयर कप प्रतियोगिता आगामी आ.व.मा पुनः सञ्चालन गरिनेछ ।

२७. नगरका सबै वडाहरुमा टोल विकास संस्थाहरु गठन गरी परिचालन गरिनेछ ।

**<u>स्वास्थ्यतर्फः</u>**

२८. सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।

२९. ग्रामीण अल्ट्रसाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरी सेवा प्रदान गरिनेछ ।

३०. वडा नं. ३ को आधारभूत स्वास्थ्य इकाई र वडा नं. ९ को भाटगाउँस्थित सामुदायिक स्वास्थ्य इकाईमा बर्थिङ्ग सेन्टरको स्थापना तथा सञ्चालन गरिनेछ ।

३१. महिला र बालबालिकासँग उपप्रमुख कार्यक्रम थप व्यवस्थित गरी मातृशिशु पोषण, महिला हिंसा र व्यवसायिकता तथा सशक्तिकरण कार्यक्रमलाई थप व्यवस्थित बनाई निरन्तरता दिइनेछ ।

३२. सुनौला हजार दिनका आमा, बच्चा र किशोरीहरुको पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिई पोषणमैत्री वडा तथा पालिका घोषणाको अभियानलाई निरन्तरता दिइनेछ ।

३३. नगरक्षेत्र भित्र भएका सबै बर्थिङ्ग सेन्टरहरुमा आवश्यक सामग्रीहरु उपलब्ध गराइनेछ ।

**सभाध्यक्षज्यू,**

३४. नगरपालिकाको पायक पर्ने २ वटा स्थानहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने, मुटु रोग, दन्त रोग, आँखा, नाक, कान र घाँटीसम्बन्धी रोगहरुको पहिचान एवं निदान गर्न स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछन् ।

३५. प्रत्येक नगरवासीको अनिवार्य स्वास्थ्य बीमा सुनिश्चित गर्न स्वास्थ्य बीमा बोर्डसँग समन्वय गरी नगरपालिकाबाट स्वयंसेवक परिचालन गरिनेछ ।

३६. वडा कार्यालय र स्वास्थ्य संस्थासँग समन्वय गरी सबै विद्यालयहरुमा प्रत्येक ६ महिनामा एकपटक स्वास्थ्य परीक्षण र आधारभुत उपचारको व्यवस्था गरिनेछ ।

३७. पोषण सुधारका लागि महिला सहकारी समूहका २५ जना विपन्न महिलाहरुलाई जनही रु. २५,०००/- का दरले अनुदान दिने गरी बजेट विनियोजन गरिनेछ ।

३८. गर्भवती महिलाहरुलाई प्रसुती केन्द्रमा बच्चा जन्माउन नसकी रिफर गर्नुपर्ने भएमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

३९. नगरभरिका आमा समूहको मासिक बैठकका लागि खाजाको व्यवस्था गरिनेछ ।

४०. गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच र किशोरी तथा महिलाहरुमाथि हुने हिंसाको अन्त्य तथा कामकाजी महिलाहरुका लागि सहज बनाउन र बालबालिकाको व्यक्तित्व विकासका लागि समुदायमा आधारित प्रारम्भिक बालविकास कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

**संस्कृतितर्फः**

४१. प.वि.न.पा. ३ र ४ को सीमानाको ऐतिहासिक मठ मन्दिर भएको रमणिय स्थल देलिकाँडालाई पर्यटकीय क्षेत्र निर्माणका लागि भ्युटावर पार्क र जाल्पादेवी मन्दिर निर्माणका लागि डि.पि.आर. तयार गरी निर्माण कार्य थालनी गरिनेछ ।

४२. नगरको ऐतिहासिक शक्तिपिठका रुपमा रहेका कुइकेल्ले माईको मन्दिर जाने आग्रदेखि मन्दिरसम्म पैदल मार्ग र मष्टामाडौं मन्दिर जाने सिँढी निर्माण कार्य सम्पन्न गरिनेछ ।

४३. नगरपालिकाका मौलिक कला संस्कृति र पर्यटकीय सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने नीति अवलम्बन गरिनेछ ।

४४. वडा नं. २ को तालकोटलाई आन्तरिक पर्यटनको रुपमा विकास गरिनेछ ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फः</u>**

४५. हिंसा पिडित महिलाहरुलाई आर्थिक सहायता र सुरक्षित घर (Safe House) को व्यवस्था गरिनेछ ।

४६. लैङ्गिक हिंसा, मानव बेचबिखन, बालविवाह, बोक्सी, छाउपडी, जातीय विभेद र बालश्रमजस्ता सामाजिक कुरिती र कुप्रथाहरुलाई नियन्त्रण र निरुत्साहित गर्न सचेतनात्मक, प्रवर्द्धनात्मक र सहकार्यात्मक नीति तयार गरी सामाजिक कुरिती विरुद्धको अभियान सञ्चालन गरिनेछ ।

**सभाध्यक्षज्यू,**

४७. सामाजिक भत्ता प्राप्त नगर्ने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका नागरिकहरुलाई मासिक रु. ५००/-का दरले उपचार तथा पोषण खर्च उपलब्ध गराइने छ ।

४८. पूर्णरुपमा छाउपडी कुप्रथा नमान्ने दिदीबहिनीहरुलाई प्रोत्साहन स्वरुप कार्यविधि बनाई पुरस्कारको व्यवस्था गरिनेछ ।

४९. नगरभरिका यूवाहरुलाई अतिरिक्ति क्रियाकलापहरुमा संलग्न गर्न सबै वडाहरुमा यूवा क्लब गठन गर्दै नगरमा सञ्जाल समेत निर्माण गरी युवाहरुलाई सकरात्मक रुपान्तरणका अभियानहरुमा समाहित गरिनेछ ।

५०. हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्धार संरक्षण, कानुनी सहायता जस्ता कार्यका लागि बाल हेल्प लाइन सेवा (१०९८) मा समन्वय गरी अस्थायी संरक्षण तथा पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

५१. बाल क्लब तथा बालक्लब सञ्चालकहरुको क्षमता विकास, दर्ता नवीकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछन् ।

५२. बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेअनुसार स्थानीय तहमा बालअधिकार समिति गठन र परिचालन गरिनेछ । लैङ्गिक हिंसा निवारण कोष र बालकोषको रकम वृद्धि गरि परिचालन गरिनेछ ।

५३. नगरस्तरमा वार्षिकरुपमा बालक्लब गठन, पुनर्गठन तथा उत्कृष्ट बालक्लबहरुलाई वार्षिक सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने, बालक्लबमा समावेशीसहित ५०% बालिकाहरुको सहभागित सुनिश्चितता गरिनेछ ।

५४. बालिका तथा किशोरी सशक्तिकरणको लागि रेडियो कार्यक्रम, राष्ट्रिय बाल दिवस-भाद्र २९, अन्तराष्ट्रिय बाल दिवस-नोभेम्बर २०, अन्तराष्ट्रिय बालिका दिवस-अक्टोबर ११ मा बालबालिका सम्बन्धित विविध कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

५५. कोभिड-१९ का कारण नगरक्षेत्रका साना व्यवसायहरु सञ्चालन नभई व्यवसायीहरु मर्कामा पर्नुभएको अवस्थालाई ध्यान दिई व्यवसायीहरुको नविकरण शुल्कमा २५% छुट दिइनेछ ।

५६. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

५७. जनता आवास कार्यक्रम अन्तर्गत आगामी आ.व.मा थप १४० जना खरको छाना भएका विपन्न र दलित परिवारलाई निःशुल्क जस्ता पाता उपलब्ध गराइनेछ ।

**<u>पूर्वाधार विकासतर्फः</u>**

५८. सबै वडाका प्रशासनिक भवनहरुलाई यसै वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइनेछन् ।

५९. विद्युतको केन्द्रीय प्रशारण लाइनलाई ग्रामीण विद्युतीकरण कार्यक्रमसँग साझेदारी र समन्वय गरी सबै वडाहरुमा विस्तार गरिनेछ ।

६०. वडा कार्यालयसम्मका ग्रामीण सडकहरुको स्तरोन्नति गरी बाहैं महिना सञ्चालनमा ल्याइनेछन् ।

६१. वडा नं. ५ को बृहत खानेपानी क्रमागत आयोजनालाई यथेष्ट बजेट विनियोजन गरी सम्पन्न गरिनेछ ।

६२. वडा नं. ८ बारलाको घोडीवास र वडा नं. ९ को भानाकोटमा झोलुङ्गे पुल निर्माण गरिनेछन् ।

६३. विद्यालय भवनहरुलाई बहुवर्षिय कार्यक्रम अन्तर्गत पक्की भवन निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

६४. नगरपालिकाको १, २, ३ र ४ वडाहरुमा टेलिफोन लाइन विस्तार गरिनेछ ।

**<u>वन तथा वातावरणतर्फः</u>**

६५. नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइटको स्थल तय भइसकेको र यसै वर्ष फोहोरमैला व्यवस्थापनको कार्य सम्पन्न गरिनेछ ।

**<u>संस्थागत विकास र सुशासनतर्फः</u>**

६६. नगरपालिकाका योजनाहरु गुणस्तरीय र प्रभावकारी बनाउन सबै योजना कार्यक्रमहरुको ३ चरणमा अनुगमन गरी भुक्तानीको लागि अनुगमन तथा सुपरीवेक्षण कार्यविधिको पूर्णरुपमा पालना गरिनेछ ।

६७. न्यायिक समितिका कामकारवाहीलाई प्रभावकारी र विश्वसनिय बनाउन सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।

**सभाध्यक्षज्यू,**

६८. वडा कार्यालयका सबै कर्मचारीहरुको तलव वृद्धि गरिनेछ ।

६९. स्थानीय तहको संविधान प्रदत्त राजश्व अधिकारलाई उपयोग गरी थप राजश्व परिचालन गर्न करका दरलाई समय सापेक्ष बनाउने र करको दायरालाई विस्तार गरिनेछ ।

७०. नगर सुरक्षालाई मध्यनजर गर्दै हालको लागि विनायक बजार र बेलखेत प्रवेशद्वारमा सि.सि.क्यामेराहरु अनिवार्य जडान गरिनेछन र अन्य ठाउँहरुमा समेत आवश्यकतानुसार सि.सि. क्यामेराहरुको जडान गर्न सकिनेछ ।

७१. नेपाल दूर सञ्चार कार्यालयबाट Dedicated Internet Lease line लिई नगरको छुट्टै नेटवर्क स्थापना गरी सबै वडाहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

७२. नगरक्षेत्र भित्र इन्टरनेट सेवालाई छिटो, छरितो र गुणस्तरिय बनाउन र ल्याण्डलाइन टेलिफोन सेवाको समेत विस्तारका लागि नेपाल दूरसञ्चार कार्यालयसँग विशेष समन्वय गरी FTTH Service को सुरुवात गरिनेछ ।

७३. नगरपालिकाभित्र स्थापना भएका सबै नेपाल टेलिकमका 4G सेवा जडान भएका GSM Tower मा गुणस्तरियता सुधारका लागि र 4G सेवा जडान नभएका GSM Tower मा 4G सेवाको विस्तार गर्न सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ ।

७४. वडा नं. ९ कालेकाँडाको भाटगाउँमा नेपाल टेलिकमको नयाँ GSM Tower स्थापनाको लागि सर्भे भइसकेको र आगामी आ.व. २०७८/०७९ भित्रै tower स्थापनाको काम सम्पन्न गर्न क्षेत्रीय दूरसञ्चार निर्देशनालय, धनगढीसँग विशेष पहल गरिनेछ ।

७५. मोबाइलको पहुँच नपुगेका कुईका, लयाँटी लगायत अन्य ठाउँहरुमा Mini Tower स्थापनाका लागि नेपाल दुरसञ्चार कार्यालयसँग समन्वय गरी स्थापना गरिनेछ ।

७६. सूचना प्रविधिको क्षेत्रमा पहुँच बढाउन र सर्वसाधारणको सुविधाका लागि नगरपालिकाको विनायक बजारको मुख्य क्षेत्रमा free wifi-zone को स्थापना गरिनेछ ।

७७. नगरपालिकाको आफ्नै सर्भर स्थापनाको लागि काम अगाडि बढाइनेछ ।

७८. नगरपालिका कार्यालय र सबै वडा कार्यालयहरुबाट सम्पादन हुने कामकारवाहीलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक थप सफ्टवेयर प्रणालीहरु र अन्य विद्युतीय अनलाइन सेवाहरुको विकास तथा विस्तार गरिनेछ ।

७९. आ.व. २०७८/७९ भित्रै बाँकी सबै वडाहरुको सामाजिक सुरक्षा भत्ता समेत बैंकिङ्ग प्रणालीबाट वितरण गरिनेछ ।

८०. नगरपालिकामा सबै नागरिकहरुको सूचना पाउने हकलाई अझ प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ र गुनासो सुन्ने र सबै गुनासोहरुलाई सम्बोधन गर्न गुनासो सुन्ने अधिकारी, हेल्लो मेयरको अनलाइन सिस्टम, गुनासो व्यवस्थापन प्रणाली र न्यायिक समितिका कामकारवाहीलाई अझ सक्रियताका साथ प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

८१. नगरपालिकाको आवधिक योजना निर्माण, राजश्व सुधार योजना, मध्यकालिन खर्च संरचना र क्षमता विकास योजना निर्माण लगायत नगरपालिकाको डिजिटल प्रोफाइल सञ्चालनमा ल्याइनेछ ।

८२. अन्तर स्थानीय तह साझेदारीलाई कायम गरी विकास निर्माणका कामहरु सञ्चालन गरिनेछन् ।

**सभाध्यक्षज्यू,**

उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, सशर्त अनुदानको प्राप्त सिलिङ तथा नगरको आन्तरिक स्रोतको निम्नानुसार आयव्यय अनुमान प्रस्ताव गरेको छु ।

| क्र.सं. | आयका शीर्षकहरु | बजेट रकम रु. |
|---|---|---|
| १. | संघीय सरकार – सशर्त अनुदान | २४,०१,००,०००/- |
| २. | संघीय सरकार –वित्तीय समानिकरण | ९,८६,००,०००/- |
| ३. | संघीय सरकार – विशेष अनुदान | |
| ४. | संघीय सरकार – राजश्व बाँडफाँट | ८,७१,८९,०००/- |
| ५. | संघीय सरकार – समपुरक अनुदान (अनुमानित) | |
| ६. | प्रदेश सरकार –वित्तीय समानिकरण | ६८,२७,०००/- |
| ७. | प्रदेश सरकार – विशेष अनुदान | ५०,००,०००/- |
| ८. | प्रदेश सरकार – राजश्व बाँडफाँट | ४५,०४,०००/- |
| ९. | प्रदेश सरकार – समपुरक अनुदान (अनुमानित) | १,४०,७०,०००/- |
| १०. | नगरपालिकाको आ.व. २०७८/७९ को आन्तरिक आय | ८०,००,०००/- |
| ११. | गत वर्षको मौज्दात | ३,२४,७३,६२०/- |
| १२. | गैर–सरकारी संघ संस्था | १,७४,७१,९२९/- |
| **जम्मा रु.** | | ५१,४२,३५,५४९/- |

अन्त्यमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०७८/७९ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै नगरवासी बुवाआमा, दाजुभाइ तथा दिदीबहिनीहरुको साथ सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा राख्दै सभाध्यक्षज्यूको अनुमतिले आ.व. २०७८/७९ को यो नीति तथा कार्यक्रम स्वीकृतिका लागि यस सम्मानित नगरसभामा पेश गर्दछु ।

।। धन्यवाद ।।